# वीरगंज महानगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

## शैक्षिक प्रशासन महाशाखा

## वीरगंज, पर्सा

**सूचना प्रकाशन मिति : २०८२/०३/२९**

## कक्षा ११/ कक्षा ९ मा छात्रवृत्तिमा अध्ययन गर्न चाहने विद्यार्थीका लागि छात्रवृत्ति परीक्षाको अनलाइन आवेदन फाराम भर्ने सम्बन्धी अत्यन्त जरुरी सूचना

वीरगंज महानगरपालिका भित्र सञ्चालित कक्षा ११/कक्षा ९ अध्यापन हुने संस्थागत शिक्षण संस्थामा **शैक्षिक सत्र २०८२ र २०८३ का लागि छात्रवृत्ति**मा विद्यार्थी छनौट गर्नको लागि **२०८१ सालको BEE (कक्षा ८ ) / SEE परीक्षामा सफल भएका विद्यार्थीहरूले मिति २०८२ श्रावन १ गते बिहान १०:०० बजेदेखि मिति २०८२ श्रावन १५ गते राति ११:५९ बजेसम्म** महानगरपालिकाको **scholarship.birgunjmun.gov.np** मार्फत अनलाइन आवेदन फाराम पेस (Online Application Form Submission) गर्न सूचना आह्वान गरिएको छ।

**१. छात्रवृत्ति उपलब्ध हुने कार्यक्रमहरूको विवरण :**

| | छनौट विधि |
|---|---|
| **कक्षा ११ को हकमा** | परीक्षा/GPA (परीक्षा सम्बन्धी कार्यक्रमको सूचना पछि प्रकाशित गरिनेछ ।) |
| **कक्षा ९ को हकमा** | परीक्षा/GPA (परीक्षा सम्बन्धी कार्यक्रमको सूचना पछि प्रकाशित गरिनेछ ।) |

**२. अनलाइन आवेदन फाराम पेस गर्ने समय र शुल्क**

फाराम पेस गर्ने अन्तिम मिति : मिति २०८२ साउन १५ गते राति ११:५९ बजेसम्म

आवेदन शुल्क : निशुल्क

**नोट :-** अनलाइन फाराम पेस (submit) गर्नुअघि सच्याउने (edit) तथा पूनरावलोकन (preview) गर्ने प्रावधान राखिएको छ । फाराम पेस (submit) गरी confirmation प्राप्त गरिसकेपछि महानगरपालिकाबाट सच्याउन वा थप गर्न SMS मार्फत अनुरोध गरेमा मात्र फाराम सच्याउन वा विवरण थप गर्न सकिने छ ।

**३. विभिन्न कार्यक्रममा आवेदन दिन आवश्यक न्यूनतम योग्यता**

क. **कक्षा ९ को हकमा –** कक्षा ८ मा न्यूनतम 1.6 GPA ल्याई पूरा गरेको

ख. **कक्षा ११ को हकमा –** SEE मा न्यूनतम 1.6 GPA ल्याई पूरा गरेको

ग. **कक्षा ९ को हकमा –** सामुदायिक विद्यालयबाट कक्षा ८ उतीर्ण गरेको हकमा सामुदायिक विद्यालय खुल्ने अनुसूची १ बमोजिमको सिफारिसपत्र

घ. **कक्षा ११ को हकमा –** सामुदायिक विद्यालयबाट SEE उतीर्ण गरेको हकमा सामुदायिक विद्यालय खुल्ने अनुसूची १ बमोजिमको सिफारिसपत्र

ङ. वीरगंज महानगरपालिकाको स्थायी बासिन्दाको हकमा जन्मदर्ता वा नागरिकता वा बसाईसराईको प्रमाणपत्र

च. आरक्षणको हकमा सम्बन्धित वर्ग खुल्ने प्रमाणपत्र

**४. छनोट सम्बन्धी व्यवस्था**

(१) छनोटको प्रक्रिया वस्तुगत प्रश्नपत्रमा आधारित लिखित परिक्षा हुनेछ । (कक्षा ९ र कक्षा ११ दुबैको हकमा Math, Science, English र Nepali को २५/२५ अंकभार हुनेछ ।)

(२) **कक्षा ९ को हकमा –** लिखित परीक्षा कक्षा ८ को पाठ्यक्रममा आधारित हुनेछ ।

(३) **कक्षा ११ को हकमा –** लिखित परीक्षा कक्षा १० को पाठ्यक्रममा आधारित हुनेछ ।

(३) छात्रवृत्ति परीक्षा उत्तीर्ण हुन न्यूनतम ४० प्रतिशत अङ्क प्राप्त गरेको हुनु पर्नेछ।

**५. अनलाइन आवेदन फाराम पेस गर्ने विधि तथा निर्देशनहरू**

क. अनलाइन फाराम यस महानगरको scholarship.birgunjmun.gov.np मा उपलब्ध हुनेछ । सो आवेदन फाराम तोकिएको समयावधिभित्र अनलाइन माध्यमबाट मात्र पेस गर्न सकिने छ ।

ख. अनलाइन फाराम भर्दाका बखत नै आफुले अध्ययन गर्न चाहेको विद्यालय निर्धारण गर्नुपर्नेछ ।

ग. अनलाइन फाराम भर्न चाहिने आवश्यक कागजातहरु

- पासपोर्ट साईजको फोटो
- नागरिकताको प्रमाण पत्र वा जन्म दर्ताको प्रमाण पत्र
- चारित्रिक प्रमाण पत्र वा ट्रान्सफर प्रमाणपत्र वा विद्यालयको सिफारिसपत्र
- वीरगंज महानगरपालिकाको स्थायी बासिन्दाको हकमा जन्मदर्ता वा नागरिकता वा बसाईसराईको प्रमाणपत्र
- तोकिएको आरक्षित समूहमा फाराम भर्नेको हकमा उल्लेख भए बमोजिमका प्रमाण पत्र
- **कक्षा ९ को हकमा –** कक्षा ८ को ग्रेड सिट
- **कक्षा ९ को हकमा –** सामुदायिक विद्यालयबाट कक्षा ८ उतीर्ण गरेको हकमा सामुदायिक विद्यालय खुल्ने अनुसूची १ बमोजिमको सिफारिसपत्र
- **कक्षा ११ को हकमा –** सामुदायिक विद्यालयबाट SEE उतीर्ण गरेको हकमा सामुदायिक विद्यालय खुल्ने अनुसूची १ बमोजिमको सिफारिसपत्र

घ. पेस गरेका विवरणहरू झुठो ठहरेमा त्यस्ता उम्मेदवारहरूको आवेदन फाराम रद्द गरिनुका साथै भर्ना भइसकेको भए पनि भर्ना समेत रद्द गरिनेछ ।

ङ. **कक्षा ९ को हकमा –** अनलाइन फाराम भर्नका लागि कक्षा ८ परीक्षाको विवरण भर्नुपर्नेछ ।

च. **कक्षा ११ को हकमा –** अनलाइन फाराम भर्नका लागि SEE परीक्षाको विवरण भर्नुपर्नेछ र सो विवरण मिलेमा मात्र मुख्य फाराम खुल्नेछ ।

छ. सम्बन्धित विवरण रुजु भएपछि अनलाइन फारामको मुख्य पेज खुल्नेछ । यो पेजमा आफूसँग सम्बन्धित विवरणहरू माग गरिएअनुसार भर्नुपर्नेछ ।

ज. आफ्ना सबै विवरणहरू भरि सकेर पुनरावलोकन (Preview) गरे पश्चात् अर्को पेजमा आफूले भरेको एकमुष्ट विवरण देखिनेछ । पुनः माथिबाट सम्पूर्ण विवरण सही भए/नभएको जाँच गरी सही नभएमा संशोधन बटन (edit button) मा क्लिक (click) गरी सच्याउन सकिनेछ । आफूले भरेको विवरण ठिक भएमा पेस गर्ने बटन (submit button) मा क्लिक (click) गर्ने । सो button क्लिक (click) गरे पश्चात सुनिश्चित गर्ने बक्स (confirmation box) आउँछ र फारम अनलाइन पेस (form submit) भएपश्चात कुनै पनि विवरण सच्याउन सकिने छैन ।

झ. फोटो तथा अन्य आवश्यक डकुमेन्ट मोबाइलले फोटो खिचेरसमेत अपलोड गर्न सकिने छ ।

ञ. आवेदन फारम अनलाइन पेस (form submit) भएपश्चात सुनिश्चित गर्ने पृष्ठ (confirmation page) देखिनेछ जसलाई प्रिन्ट तथा डाउनलोड गर्न सकिनेछ । (Note: Confirmation Page भनेको Admit Card नभई Online Form भरेको प्रमाण मात्र हो यसका आधारमा मात्र छात्रवृत्ति परीक्षामा सहभागी हुन पाईने छैन । परीक्षामा सहभागी हुनको लागी प्रवेश पत्र अनिवार्य हुनेछ) ।

ट. महाशाखाबाट फाराम रुजु यकिन भएपश्चात विवरण मिलेमा मात्र Final confirmation SMS मार्फत पठाइनेछ ।

**६. आरक्षण सम्बन्धी व्यवस्था**

- वीरगंज महानगर पालिकाको संस्थागत बिद्यालय छात्रवृति वितरण कार्यविधि २०७५ बमोजिम हुनेछ ।

**७.** अन्य कुराहरुको हकमा संस्थागत बिद्यालय छात्रवृति वितरण कार्यविधि २०७५ र संस्थागत बिद्यालय छात्रवृति वितरण समितिको निर्णयानुसार हुनेछ ।

**थप आवश्यक जानकारीको लागि :**

**<u>सम्पर्क व्यक्तिहरू:</u>**

सुजीत श्रीवास्तव - ९८२०९०७२१५
सुरेन्द्र ठाकुर - ९८१९२२२४८८
ऋतिक कुमार कहार - ९८२५२४४३०९

**शैक्षिक प्रशासन महाशाखा**
**वीरगंज महानगरपालिका**

दफा ३ को उपदफा (घ) सँग सम्बन्धीत

अनुसूची -१

**जो जस सँग सम्बन्धित छ**

................................ ......................... ...............................जिल्ला .......................... गापा/ नपा./उ.म.न.पा./म.न.पा स्थायी ठेगाना भएका श्री ............................................ का छोरा/छोरी ............................ ले ....................................................... सामुदायिक विद्यालय (IEMIS Code No ......................................) मा कक्षा १० मा अध्ययन गरी एस.ई.ई. पुरा गरेको व्यहोरा प्रमाणित गर्दछु ।

माथि लेखिएको व्यहोरा ठीक साँचो हो, झुटो ठहरे कानून बमोजिम सहुला बुझौला ।

| | |
|---|---|
| दस्तखतः | दस्तखतः |
| विद्यार्थीको नाम, थरः | प्रधानाध्यापकको नाम, थर |
| मितिः | मितिः |
| सम्पर्क नं | सम्पर्क नं |
| स्थायी ठेगाना | विद्यालयको नाम |
| | विद्यालयको छाप |

माथी उल्लेखित विद्यालय सामुदायिक विद्यालय भएको व्यहोरा प्रमाणित गर्दछु ।

प्रमाणित गर्ने सम्बन्धित शिक्षा विकास तथा समन्वय इकाइ प्रमुख वा सम्बन्धित स्थानीय तहको शिक्षा प्रमुख

दस्तखत
प्रमाणित गर्नेको नाम, थर
पद
स्थानीय तहको नाम
मिति:
सम्पर्क नं
कार्यालयको छाप

दफा ३ को उपदफा (ग) सँग सम्बन्धीत

अनुसूची -१

**जो जस सँग सम्बन्धित छ**

.................................. ........................ .................................जिल्ला ............................ गापा/ नपा./उ.म.न.पा./म.न.पा स्थायी ठेगाना भएका श्री ............................................. का छोरा/छोरी ............................. ले ............................................................ सामुदायिक विद्यालय (IEMIS Code No .......................................) मा कक्षा ८ मा अध्ययन गरी कक्षा ८ पुरा गरेको व्यहोरा प्रमाणित गर्दछु ।

माथि लेखिएको व्यहोरा ठीक साँचो हो, झुटो ठहरे कानून बमोजिम सहुला बुझौला ।

| | |
|---|---|
| **दस्तखतः** | **दस्तखतः** |
| विद्यार्थीको नाम, थरः | प्रधानाध्यापकको नाम, थर |
| मितिः | मितिः |
| सम्पर्क नं | सम्पर्क नं |
| स्थायी ठेगाना | विद्यालयको नाम |
| | विद्यालयको छाप |

माथी उल्लेखित विद्यालय सामुदायिक विद्यालय भएको व्यहोरा प्रमाणित गर्दछु ।

प्रमाणित गर्ने सम्बन्धित शिक्षा विकास तथा समन्वय इकाइ प्रमुख वा सम्बन्धित स्थानीय तहको शिक्षा प्रमुख

दस्तखत

प्रमाणित गर्नेको नाम, थर

पद

स्थानीय तहको नाम

मिति:

सम्पर्क नं

कार्यालयको छाप